# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, असोज १४ गते २०५९ साल (संख्या २५


## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले दैवी प्रकोप (उद्धार) ऐन, २०३९ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी प्रत्येक विकास क्षेत्रमा देहाय बमोजिमको क्षेत्रीय दैवी प्रकोप उद्धार समिति गठन गरेको छ ।

| | | |
|---|---|---|
| १. | क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय | - अध्यक्ष |
| २. | शाही नेपाली सेनाका स्थानीय बाहिनीपति | - सदस्य |
| ३. | क्षेत्रीय प्रहरी कार्यालयका प्रमुख | - सदस्य |
| ४. | सशस्त्र प्रहरीको क्षेत्रीय स्तरको मुख्यालयका प्रमुख | - सदस्य |
| ५. | क्षेत्रीय स्वास्थ्य निर्देशनालयका प्रमुख | - सदस्य |
| ६. | क्षेत्रीय सडक निर्देशनालयका प्रमुख | - सदस्य |
| ७. | क्षेत्रीय सिंचाई निर्देशनालयका प्रमुख | - सदस्य |
| ८. | खानेपानी र सरसफाई डिभिजनका प्रमुख | - सदस्य |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ९. | क्षेत्रीय वन निर्देशनालयका प्रमुख | - सदस्य |
| १०. | समाजसेवी मध्येबाट अध्यक्षले तोकेको २ जना | - सदस्य |
| ११. | राष्ट्रिय योजना आयोगको क्षेत्रीय कार्यालयका प्रमुख | - सदस्य |
| १२. | नेपाल रेडक्रस सोसाइटी, क्षेत्रीय स्तरका प्रतिनिधि | - सदस्य |
| १३. | नेपाल स्काउट, क्षेत्रीय स्तरका प्रतिनिधि | - सदस्य |
| १४. | उप क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय | - सदस्य-सचिव |

आज्ञाले,
टीका दत्त निरौला
श्री ५ को सरकारको सचिव

## श्री ५ को सरकार
## श्रम तथा यातायात व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले वैदेशिक रोजगार ऐन, २०४२ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी संयुक्त राज्य अमेरिका र संयुक्त अधिराज्यलाई वैदेशिक रोजगारको लागि नेपाली कामदार पठाउन सकिने मुलुकको रूपमा तोकेको छ ।

आज्ञाले,
प्रेमनिधि ज्ञवाली
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।